**प्रमाणीकरण मिति : २०७५/०४/३१**

# प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार** : (१) यस ऐनको नाम "प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन प्रदेश नं. ५ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. ५ प्रदेश भरका स्थानीय तहको लागि लागू हुनेछ ।

२. **प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निमार्ण पक्रिया सम्बन्धी ऐन, २०७५ मा दफा २८ थप** : प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निमार्ण पक्रिया

सम्बन्धी ऐन, २०७५ को दफा २७ पछि देहायको दफा २८ थपिएको छ:-

"२८. **<u>खारेजी र बचाउ</u>** : यस पूर्व स्थानीय तहले निर्माण गरेका ऐन यसै ऐन अनुसारको प्रक्रिया अवलम्वन गरी निर्माण गरेको मानिनेछ ।"